# फलेवास नगरपालिका, पर्वतको
# आर्थिक वर्ष २०८०/०८१ को
# वार्षिक बजेट तथा कार्यक्रम

फलेवास नगरपालिका

खानीगाउँ, पर्वत

भाद्र १३, २०८०

## फलेवास नगरपालिकाको संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेश अन्तरगत पर्ने पर्वत जिल्लाको मध्यभाग कालीगण्डकीको काखमा अवस्थित फलेवास नगरपालिका भौगोलिक विविधताले भरिएको एक अनुपम तथा रमणीय क्षेत्र हो । विश्व मानचित्रमा यस नगरपालिका २८० ०५' ५७'' देखि २८० १२' ११'' उत्तरी अक्षांश र ८३० ३६' ३४'' देखि ८३० ४६' ०७'' पूर्बी देशान्तर भित्र रहेको छ । यस नगरपालिकाको  पूर्वमा स्या·जा जिल्ला र महाशिला गाउ"पालिका, दक्षिणमा स्या·जा जिल्ला, महाशिला गाउ"पालिका र विहादी गाउ"पालिकाको केही भाग पश्चिममा बाग्लु· जिल्ला र उत्तरमा कुश्मा नगरपालिका  पर्दछन् । यस नगरपालिकाको कूल क्षेत्रफल ८५.७ वर्ग कि.मी. रहेको छ । उचाईका हिसाबले समुन्द्री सतहबाट ६२० मिटर उचाईमा रहेको वडा नं ११ मा पर्ने पा·रा·को कालिगण्डकी किनारको बगर देखि २२६६ मिटर उचाइको पा·रा· र कुर्घाको शीरमा रहेको चिसापानीको लेक र २२५९ मिटरको उचाइमा रहेको डहरेको लेक समेतको भू-भाग यस नगरपालिकामा पर्दछन् । कंगारु आकारमा फैलिएको यो नगरपालिका राजनैतिक विभाजन अनुसार नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्वत जिल्ला निर्वाचन क्षेत्र नं. २ मा पर्दछ । यस नगरपालिकाको कूल भूमि ८५७१ हेक्टरमध्ये वन क्षेत्रले ओगटेको जमिन ३१०३.२ हेक्टर, कृषि भूमि ४६८३.१ हेक्टर र प्रति जमिन ३११.४ हेक्टर, बुट्यान ३७७.९ हेक्टर, भवन ०.६७ हेक्टर र भीरपाखा २.३३ हेक्टर तथा बगर क्षेत्र ८२.५ हेक्टर र पानीले ढाकेको जलाशय क्षेत्र ९.७ हेक्टर रहेको छ । फलेवास नगरपालिका देशको राजधानी काठमाडौंदेखि २७० कि.मी. र गण्डकी प्रदेशको राजधानी पोखराबाट ७० कि.मी. पश्चिममा पर्दछ ।

## फलेवास नगरपालिकाके बस्तुगत अवस्था

### जनसंख्या र जनशक्ति

फलेवास नगरकार्यपालिकाको कार्यालयले लिएको २०७५ सालको तथ्याङ्क अनुसार यस नगरपालिकामा १५ भन्दा बढी जात जातीका ५७२६ परिवारका ३४५७२ जना मानिसहरु बसोवास गर्दछन् । जस मध्ये महिला १६८०४ र पूरुष १७७६८ रहेका छन् । १९ देखि ६० वर्ष सम्मको जनसंख्या २०,१५६ रहेको छ  । कूल जनसंंख्याको ५८.३० प्रतिशत रहेको यो उमेरसमूहको परिचालनबाट नगरको सर्वाङ्गीण विकास गर्न सकिने अवसर देखिन्छ । यस नगरपालिकामा जातिगत रुपमा ब्राहमण क्षेत्री २४६३६ , दलित ७०६८, जनजाति २७५२ र अन्य १०९ जनाको वसोवास रहेको छ । नगरपालिकाले १७३३ विपन्न र ४६७ अतिविपन्न घर परिवारको पहिचान गरेको छ । सवै प्रकारका भूमिहिनको संख्या कुल ६९ रहेको छ जसमा १८ घर परिवार बाबु र बाजेको पाला देखिका, आफ्नो परिवारको नाममा जग्गा नभएका ३२ र वाहिरबाट आई बसोबास गरेका भूमिहीन परिवार १९ घर रहेका छन् ।

### वैदेशिक रोजगार

यस नगरपालिकामा ३३८९ पुरुष र ४६४ महिला गरी जम्मा ३८५३ मानिसहरु बैदेशिक रोगगारमा गएका छन् । जसमध्ये भारत ३९.२ प्रतिशत, खाडी मुलुकमा ३७.२ प्रतिशत र जापान अमेरिका लगायत अन्य मुलुकहरुमामा २३.६ प्रतिशत गएका छन् । खाडी मुलुक र भारत नै यस नगरपालिकाका मुख्य बैदेशिक रोजगारीका गन्तब्यको रुपमा रहेको देखिन्छ जसबाट करिव १ अरव २० करोड रुपैया वार्षिक रुपमा रेमिटेन्स भित्रिने अनुमान छ ।

### कृषि र पशुक्षेत्र

फलेवास कृषि उत्पादनका दृष्टीकोणले पर्वत जिल्लाकै महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ । मल्यांदी खोला पकेट क्षेत्र, लमायखाला पकेट क्षेत्र, चिर्दिखोला पकेट क्षेत्र, समथर भुभाग कृषि उत्पादनको राम्रो संभावना भएको क्षेत्र हो । थापाठाना र शंकरपोखरीको मल्याङदी खोलाको फांट, मुडिकुवा, देविस्थान, र खानीगांउको समतल क्षेत्र, लमाय

जलाधार क्षेत्रमा पर्ने लिमिठाना, ठानामौला र भंगराको फांट, कुर्घा र पाङराङको समतल फाँट खाद्यन्न उत्पादनको दृष्टीले महत्वपूर्ण मानिन्छ भने, लप्सी पकेट, सुन्तला पकेट, धान पकेट, मकै पकेट, ताजा तरकारी र तरकारीको बीउ पकेट, कफी, मह, अदुवा-बेसार र दुध उत्पादन तथा बाख्रा पालन, कुखुरा पालन र माछा पालनका पोखरीहरुले यस नगरपालिकालाई आर्थिकरुपमा ठूलो सहयोग पुगेको छ । प्लास्टिक टनेल भित्र तरकारीहरु ब्यवसायिक रुपमा उत्पादन भएका छन् । हाल नगरमा फलफुल पकेट क्षेत्रको विकासका लागि लिमिठाना, ठानामौला, कुर्घा र पा·रा· ब्यवसायिक सुन्तला विकासका लागि छनौट भई नगर कार्यपालिकावाट सघन कार्यक्रम संचालन गरिएको छ । नगरको माथिल्लो भाग कार्कीनेटा भगँरा क्षेत्रमा अलैंची उत्पादन पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिएको छ  एक गाँउ एक कृषि फर्म कार्यक्रम नगरभर संचालन भै रहेको छ । कृषिका विविध पकेट क्षेत्रहरु निर्धारण गरी व्यावसायिक कृषि प्रवद्र्धनका कार्यक्रमहरु संचालन भईरहेका छन् । दुग्धजन्य उत्पादनमा नगर आत्मनिर्भर भै वढी भएको दुध पोखरा, कुस्मामा निर्यात भई रहेको छ । वार्षिक अनुमानित ४ करोड रुपयाको दुध र दुग्धजन्य बस्तु विक्रि हुनेगरेको छ भने कुखुरा, खसी बोका लगायत करिव १ करोडको वार्षिक मासु विक्रि हुनेगरेको छ । दुग्धजन्य बस्तु र  मासुजन्य उत्पादनमा आत्मनिर्भर तर्फ उन्मुख रहेको छ । यो नगरपालिकाको मुख्य आयश्रोतको रुपमा कृषिको महत्वपूर्ण योगदान रहेको छ । सुन्तला लगायत फलफूलको विक्रिवाट नगरपालिकामा वार्षिक ७ करोड रुपयाँ भित्रने गरेको छ । काक्रो, गोलभेडा, मुला, सीमि लगायतको वीउ विक्रिबाट करिव १ करोड, खाद्यान्न विक्रिबाट करिव ५० लाख, मह विक्रिबाट करिव ४० लाख रुपयाँ र कफि, अदुवा वेसार लगायतका नगदेबालीबाट वार्षिक २० लाख भन्दा बढि आदिवाट हुने गरेको देखिन्छ ।

## उद्योग

फलेवास नगरपालिकामा विगत देखि साना उद्यमहरु संचालनमा रहेका छन । नगर क्षेत्रमा क्रियशील उद्यममा दुधको परिकार, काठ फर्निचर, तरकारी खेती, लप्सी क्याण्डी, अचार, टीका, बुटिक, ढाका, अगरबत्ती र  माहुरीपालन व्यवसाय सुरु गरेका छन् । जसमध्ये दलित, जनजाति र अन्य सबैखाले गरीब परिवारका रहेका छन्। उद्यमीहरुलाई एकै ठाउँमा बसी उद्यम संचालन गर्न सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न ठाउँमा साझा सुविधा केन्द्र, संकलन केन्द्र र सेलार स्टोरका भवनहरु समेत निर्माण गरिएका छन् । फलेवासको देविस्थानमा कपडावाट पोशाक निर्माण गर्ने महिला उद्योगको शुरुवात गरिएको छ । ढाका कपडा उद्योगको शुरुवाात खानीगाँउमा भएको छ ।

## वनजन्य काष्ठ तथा गैरकाष्ठ उत्पादनहरु

क्षेत्रफलका हिसाबले ३१०३ हेक्टर वन क्षेत्र रहेको छ । सामुदायिक वन उपभोक्ता समुहको अग्रसरता र व्यापक जनसहभागिताको कारण वनक्षेत्र वृद्धि हुंदै गएको छ । फलेवास नगरपालिकामा खोटो, दन्केर्नो, सालधूप, बेल, तेजपत्ता, वांदरमुला, थकाइलो, सिउडी, सजींवल, डमरु, अभिजालो, चिराइतो, मेवा, सिउडी, मेल, बकाइनो े, वावियो, रिठो, गिठो, तरुल, भ्याकुर, पखनबेद, शिकारी लहरा, ऐसेलु, बेल, अमला, तेजपत्ता, थकाइलो, डुम्री, धाइरो, भोर्लो, गुर्जो, चिराइतो, गर्बुजो सिउडी, सजींवल,, डमरु, अभिजालो, सालधुप, डमरु, डुम्रीख, मेव, कुमकुम, कुरीलो, कुकुरडाइनो, उडुसेझार, पिप्ला, पानीअमला, बकाइनो, खनीउं, सिमल, मौवा, भकिम्लो, कुरिलो, घोडटार्पे,, सत्तुवा, दारिगिठो, बादलपाते, सिलटिमुर, आखेटिमुर जस्ता महत्वपूर्ण जडिबुटी तथा बास निगालो लगायतका गैरकाष्ठ वन पैदाबार पाइन्छ । साथै यस नगरपालिका भित्र वास निगालो को विभिन्न घरेलु सामानहरु उत्पादन भैरहेको छ । हर्रो, बर्रो, अमला, सिस्नु, टिमुर, नागवेली, लोक्ता, सत्तुवा, सिल्टीमुर, सुनाखरी, चिराईतो, अमृसो र खोटोजस्ता महत्वपूर्ण जडिबुटी तथा गैरकाष्ठ वन पैदाबार र वास निगालोको विभिन्न घरेलु सामानहरु उत्पादन भैरहेको छ । यिनै वन

पैदावारबाट संचालन भएका उद्योगहरुमा प्लाईउडको कच्चा पदार्थ उत्पादन, फर्निचर उद्योग, ढाका कपडा, मौरीघार, जडीबुटी प्रशोधनजस्ता धेरै साना उद्योगहरु संचालन भैरहेका छन् ।

**वन्यजन्तु तथा चराचुरुङ्गीहरु**

यस नगरपालिकाका १ देखि ११ वटा वडामा विभिन्न किसिमका जंगली जनावर तथा चराचुरुंगीहरु पाइन्छन् । मुख्य रुपमा पाईने जंगलीजनावरहरुमा चितुवा, वांदर, स्याल, फ्याउरो, भ्याल्से, मृग, खरायो, दुम्सी, खुदेकीरो, बनविरालो, मलसाप्रो, रहेका छन् भने चराचुरुङ्गीमा कालिज, लामपुच्छ्रे, धाविनी, भगेरा, डाग्रे, काग, कोइली, कल्चौडो चिल, ढुकुर, बौडाई, फिस्टेचरा, न्याउली, जुरेली, काफलपाक्यो, बीउकुह्यो, गौथली, लाटोकोसेरो, चमेरो, हुकीचील, चरीवाघ, कोटेरो, बाज, चित्रो, टकटके (काठफोरुवा) लगायतका चराचुरुङ्गीहरु पाइन्छन ।

**पर्यटन**

यस नगरपालिकाका रमणीय लेकाली चुचुराहरुमा पूर्वी भागमा पर्ने डहरे र दक्षिणी भागको चिसापानी लेक नगरपालिका भित्रका अग्ला चुचुराहरु हुन् । जहा“ हिउँदमा हिउँ पर्ने हुंदा हिउँमा खेल्ने र रमाउने आन्तरिक पर्यटकहरु रमाउने गर्दछन् । यी चुचुरोमा हिउँ खस्ने, लेकाली जडीबुटी, बाघ, भालु, चितुवा, मृग जस्ता वन्यजन्तु, कोइली कालिज जस्ता चराहरुका साथै लालीगुरा“स लगायतका धेरै सुन्दर फूलहरुले समय अनुसारको सुन्दता पस्कीरहेको हुन्छन । यी चुचुराहरुबाट उत्तरी क्षेत्रमा देखिने हिमसृङ्खला र टाढा-टाढाका मनमोहक दृष्य तथा बिहानीको सूर्योदय र साँझको सूर्यास्तको सुन्दरताले मनोरञ्जनका लागि घुम्न आउने पर्यटकहरुलाई मन्त्रमुग्ध पार्दछन् । डहरे देउराली, चिसापानी कालिका र बजारमारे देवी धार्मिक पर्यटकहरुका लागि पनि महत्वपूर्ण स्थानहरु हुन् । यहा“ पूजाकालागि हजारौं धर्मालम्बीहरु आन्तरिक पर्यटकको रुपमा बर्ष भरी नै जाने गर्दछन् । यस नगरपालिकामा नेपालकै लामो मध्येका कुश्मा मुडिकुवा झोलुेपूल, मुडिकुवा कैया बलेवा झोलुंगे पुल, कुर्घा-फलेवास झोलुेपूल, देविस्थान ढिक सुम्सा झोलुंगे पुल, देविस्थान मिरींगे विनाबारे झोलुंगे पुलहरु रहेका छन् । एक दिनको कालिगण्डकी जलयात्रा, चिर्दीखोला क्षेत्रमा सातमूलेको छहरा, अन्धाअन्धी र डहरे देउराली, चिसापानी लेक जस्ता प्राकृतिक सम्पदाको विकास, संरक्षण र संबद्र्धनबाट वाह्य तथा आन्तरिक पर्यटन विकास गर्न सकिने सम्भावना देखिन्छ । चिसापानी कालिका मन्दिरको ब्यवस्थापन गरी पा·रा·बाट सूलीकोट हु“दै कालिका मन्दिरसम्म तथा डहरे देउरालीमा केबुलकार ब्यवस्थापन गर्न सकेमा नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्न सक्ने देखिन्छ । इतिहासको खोज गर्ने पर्यटकहरुका लागिजुम्लिठाना, अन्धा-अन्धी, बाघेढुंगा, बाघको पाईला, पुरकोट, लिमीकोट, जिताकोट, सूलीकोट, मौलाकोट, लगायतका ऐतिहांसिक कोटहरु, महत्वपूर्ण मानिन्छन् । निर्माणाधिन अन्धाअन्धी सर्किट, डहरे देउराली क्षेत्रमा खुला चिडियाखानाको विकास, मनमोहन शान्तीवाटिका निर्माणले नगरको पर्यटन व्यावसायलाई पोखराको पर्यटन सँग संवन्ध संजाल स्थापना गर्दछ । खुमको होमस्टे एक पर्यटकीय गन्तव्य भै रहेको छ ।

**सडक संजाल**

यस नगरपालिकामा काली गण्डकी लोकमार्ग १७ कि.मी. कालोपत्रे कार्य सम्पन्न हुने अवस्थामा छ भने मुडिकुवा लुंखु सडक १६ कि.मि.कालो पत्रे भैसकेको छ । हिलेखोला कार्किनेटा थापाठाना करिव ८ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ भने मल्यांगदीखोला मुडिकुवा देविस्थान ढिक चन्दनी सडक ११ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ । नगरपालिका भित्र रहेका साना ठूला गरी कूल कच्ची सडकहरुको लम्बाई करिव ४०० कि.मी. भन्दा बढि रहेको छ । यी सडकहरुको स्तरबृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । नगरका हरेक टोल बस्तीमा करिव १० मिनेटको दुरी भित्रै सडक सञ्जाल विस्तार भैसकेको छ ।

**खानेपानी तथा सरसफाईको अवस्थाः**

फलेवास नगरपालिकामा पाइप खानेपानी सुविधा जिल्लाको अनुपातमा हेर्दा ९१ प्रतिशत घरधुरीमा, पक्की शौचालय ९७ प्रतिशत घरधुरीमा रहेको छ भने तीनवटा वडाहरु पूर्ण सरसफाईउन्मुख वडा घोषणा भैसकेका छन् । शंकरपोखरीमा खानेपानीको दीर्घकालीन समाधानका लागि लमाय खोलाको पानी तान्ने र वोरीङ प्रविधिवाट जमिन मुनीको पानी निकाल्ने कार्यको शुरुवात गरिएको छ । कार्किनेटा, मुडिकुवा, खानीगाउँ, देविस्थान, ठानामौला, भंगरा, लिमिठाना, कुर्घामा केन्द्रीय खा.पा. योजना सञ्चालित छन् । थापाठाना, पांगरांगमा नगरद्‌वारा खानेपानी एकघर एकधाराको लागि कार्यक्रम सञ्चालन भैरहेको छ ।

**स्वास्थ्य**

यस नगरपालिकामा ११ स्वास्थ्य चौकीबाट ३५ प्रकारका औषधिको निशुल्क वितरण तथा प्रतिरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा संचालन भइरहेको छ । नगरपालिकाको ५ स्थानहरुमा २४ घण्टे प्रसुती सेवा संचालन भएको छ भने पा·रा·मा सामुदायिक स्वास्थ्य इकाई संचालन भई सेवा संचालन भैरहेको छ । यसका अतिरिक्त फलेवासमा संचालीत हेल्पीङ्ग हेन्ड्स सामुदायिक स्वास्थ्य क्लिनिक (हालको धुलिखेल अस्पताल)बाट एक्स-रे, इसीजी, अल्ट्रा साउन्ड, ल्याव, फार्मेसी, सामान्य शल्यक्रिया र प्रसुती सेवा समेत प्रदान हुने गरेको छ । सोही धुलीखेल अस्पतामा एम्बुलेन्स सेवा संचालनमा रहेका छ । जिल्लामा रहेका ४ वटा आयुर्वेदिक स्वास्थ्य केन्द्र मध्ये २ वटा यसै नगरपालिकामा रहेकोले स्वास्थ्य क्षेत्रमा थप सहयोग पुऱ्याएका छन् । यिनीहरुबाट जडिबुटी प्रशोधित औषधीहरुको वितरण गर्ने गरिन्छ । यस नगरपालिकामा दुई स्थानमा संचालनमा रहेका टेलि मेडिसियन नगरपालिकाको वडा नं. ८ र वडा नं ४ मा रहेका छन् ।

**शिक्षा**

फलेवास नगरपालिका शैक्षिक हिसावले अगाडी रहेको क्षेत्र मानिन्छ । शिक्षा क्षेत्रमा हेर्दा यस नगरपालिकामा ३ क्याम्पस, १४ मा.वि., ४३ आधारभूत विद्यालयहरु रहेका छन् भने संस्थागत विद्यालयहरु २ मा.वि.सहित कुल ७ बटा विद्यालयहरु रहेका छन् । हाल नगरपालिका भित्र सामुदायिक विद्यालयमा आधारभूत तहमा कुल २९४ (प्रा.वि. मा २२७ र नि.मा.वि. ६७), माध्यमिक तहमा ७८ जना शिक्षकहरु अध्यापनरत छन् । त्यसै गरी वाल विकास केन्द्रमा ५७ जना, विद्यालय सहयोगी कार्यकर्ता १४ जना र विद्यालय सहयोगी ५६ जना कार्यरत रहेका छन् । सवै तहमा कुल ५२५० जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । विज्ञान विषयमा १ वटा, कानून विषयमा १ वटा र कृषि प्राविधिक विषयमा १ वटा ११ र १२ कक्षाको पढाई हुने गरको छ । यस नगरपालिकाको साक्षरता औषतमा ९७ प्रतिशत रहेकोछ । सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु अंगे्रजी माध्यममा पठनपाठन (१-५) को शुरुवात भएको छ । नगरपालिकामा हाल स्थानीय पाठ्यक्रम तयार पारी लागूहुने चरणमा रहेको छ ।

**जलश्रोत र विद्युतीकरण**

जलश्रोतको दृष्टिले हेर्दा नगरपालिकाको पश्चिम भागमा कालीगण्डकी नदी, उत्तरी भागको मल्या·दी खोला, लमाय, चीर्दी, लुवा र दक्षिणी सिमानामा रहेको बाच्छा खोला सिंचाईका मुख्य श्रोतहरु हुन् । विद्युत उपयोगको दृष्टिमा यस नगरपालिकाका सबै घरधुरीमा सामुदायिक विद्यूतीकरण र केन्द्रीय प्रसारणबाट विद्युत सुविधा प्राप्त गरेका छन् । कच्ची काठे विद्युतका पोलहरु सम्पूर्ण रुपमा फलामे विद्युत पोलद्धारा विस्थापन कार्य सम्पन्न भएको छ ।

**संचार तथा सुशासन**

फलेवास नगरपालिकाको वडा नं. ५ र ६ मा टेलिफोन लाईन विस्तार भएको छ भने अन्य वडाहरुमा मोवाईल फोन र अन्य संचार माध्यमवाट नगरवासीहरुलाई सुविधा पुगेको छ । नगरपालिकाको सबै वडाहरुमा अतिरिक्त हुलाक रहेका छन् । पर्वत जिल्लाको पहिलो सामुदायिक रेडियो १०३.६ मेघाहर्ज खानीगाउ"मा संचालनमा रहेको छ । यस नगरपालिकामा इन्टरनेट सेवाको सुविधा रहेको छ । सवै वडाहरुलाई इन्टरनेट संजालमा एकीकरण गरी विद्युतिय सेवा प्रवाह गर्ने प्रयास भैरहेको छ ।

**सस्थागत विकास**

नगरका क्रियाकलापहरुलाई जनमैत्री तथा पारदर्शी वनाई नागरिकहरुमा सुशासनको प्रत्याभूति गर्न नगरले आफ्नै धभदकष्तभ को निर्माण गरेको छ । नगरका निर्णय तथा क्रियाकलापहरुलाई राजपत्र मार्फत प्रकाशन गर्ने व्यवस्था गरिएको छ । सेवा प्रवाहलाई पारदर्शी, सहज, सरल वनाउन नागरिक वडापत्र प्रकाशन गर्न लागिएको छ । विद्युतिय हाँजिरी प्रणाली र कार्यालयमा सि.सि. क्यामेरा मार्फत सेवा प्रवाहको निगरानी राख्ने कार्य प्रारम्भ गरिएको छ । ५ र ७ वडा बाहेक सवै वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ भने प्रमुख प्रशासकिय भवन निर्माधिन अवस्थामा रहेको छ ।

**खनिजः**

फलेवास नगरपालिकामा स्लेट ढुंगाका ३ वटा खानी, चिर्दी खानीको तामाखानी, धैरै पहिला घरेलुरुपमा संचालन भएको ऐतिहा"सिक प्रमाण पाइन्छ । हाल खनिज उत्पादनकोरुपमा छाना छाउने र घरको भित्तामा सजावट गर्ने स्लेट ढुंगाहरु, पर्खालमा प्रयोग हुने ढुंगाहरु, बालुवा र गिट्टी मात्र प्रयोग भइरहेका छन् । ठानामौलाको माथिल्लो भाग फलाम खानीस"ग जोडिएको स्थानमा फलामखानी उत्खनन् गरिएको ऐतिहासिक प्रमाण भेटिन्छ । कालिगण्डकीको किनारमा सुन चाली जीविकोपार्जन गर्ने माझी समुदाय हाल उक्त पेशामा नरहेको अवस्था छ । तिर सुन चाल्ने गरेको हुंदा सुनखानीको सम्भावना रहेको छ ।

**१.२ नगरको विद्यमान अवस्थाः**

संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकम, सशर्त रकम, समपुरक तथा विशेष अनुदान र सोही प्रकृतिको प्रदेशबाट प्राप्त वजेट सहित यस नगरपालिकामा हुने आन्तरिक आम्दानीनै फलेवास नगर सरकारको स्थानीय सञ्चित कोषको आधार हो । यसको समुचित बाँडफाँड र कार्यान्वयनबाट नगरको विकास कार्य अगाडि बढिरहेको छ । नगरपालिका स्थापनाको शुरुवाती अवस्थामा रहेको यस नगरमा भौतिक पूर्वाधारको अवस्था क्रमश सुधार हुंदै गएको छ । सवै टोल बस्तीहरुमा कच्ची मोटरबाटोको पहुंच पुगेको छ । तर कच्ची सडकहरुको स्तरोन्ती र संरक्षण कार्य अत्यन्त चुनौतीपूर्ण देखिएको छ । सतप्रतिशत घरधुरीमा विद्युत सुविधा पुगेको छ भने सवै वडामा काठको विद्युत पोल विस्थापित भैककेको छ । अन्य आर्थिक सामाजिक क्षेत्र क्रमशः व्यवस्थित हुंदै गएको छ । संस्थागत विकासको लागि पूर्वाधार निर्माणका कार्यहरु भैरहेको छ । वडा स्तरमा सेवा प्रवाह चुस्त बनाउने, कार्यालय भवनहरु व्यवस्थि तगर्ने, विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, कार्यालय सेवाग्राही मैत्री बनाउने कार्यहरु अगाडि बढिरहेका छन् । समग्रमा यस नगरपालिकाको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

**सवल पक्ष**

१ नगरपालिकाको कूल क्षेत्रफलमध्ये ५४.६४ प्रतिशत कृषि भूमि रहेको छ । ३ तहको कृषि भूमि (उच्च, मध्य र बेसी ) मा कृषि र पशु विकासका कार्यक्रमको लागि अन्यन्त उपयोगी अवस्था छ । सवै क्षेत्रको पकेट कार्यक्रम र क्षेत्र विस्तार गर्न सकिने देखिन्छ ।

२ कूल क्षेत्रफलमध्ये ३६.२१ प्रतिशत् भूभाग वन जंगलले ढाकेको, साल जस्तो महत्वपूर्ण प्रजातीको बन क्षेत्र रहेको, दाउरा तथा काठमा नगर आत्मनिर्भर रहेको ।

३ हावापानीमा विविधता, ६२० मिटर देखि २२६६ मि. सम्मको उचाई रहेको । जसले गर्दा जैविक विविधताको प्राचुर्यता रहेको छ भने फलफुल खेती र नगदे वालिको लागि अनुकुल वातावरण रहेको छ । नगरको विकास र समृद्धिको लागि जैविक विविधता अनुकुल अवसर सृजनाहुने अवस्था छ ।

४ विभिन्न क्षेत्रमा रहेका ढुङ्गाखानी, खोलानाला र कालिगण्डकी नदीमा रहेका बगर क्षेत्र सहित खानीजन्य श्रोतहरु समेत पर्याप्त छन् ।

५ कालिगण्डकी नदी, मल्याङ्गदी खोला, लमाय खोला, चिर्दी खोला र बाच्छाखोला जस्ता बाह्रै महिना पानी बग्ने खोलाहरुनालाहरुबाट जलश्रोतको उलब्धता भरपर्दो देखिन्छ । सिंचाई, खानेपानी र अन्य पर्यटन प्रवद्र्धनमा उपयोगी त्यस्ता स्रोतहरुको उपयोग हुनसक्ने देखिन्छ । यस नगरपालिका हुंदै बग्ने नदीहरुको दीर्घकालीन उपयोगमा राष्ट्रिय अन्तराष्ट्रिय लगानीकर्ता र संघीय सरकारको ध्यान जानुपर्ने देखिन्छ ।

६ नगर क्षेत्र भित्र प्रशस्त सार्वजनिक खुला चौरको उपलब्धता रहेको छ ।

७ सवै टोल बस्तीमा कच्ची सडकको पहुंच विस्तार भएको । हाल नगरपालिका भित्र करिव ४०० कि.मि भन्दा वढी सडक संजाल रहेको छ ।

८ शिक्षा, खानेपानी तथा सरसफाई क्षेत्रमा देखिएको हालको अवस्था नागरिकका मौलिक हक अधिकार संरक्षणमा सहयोगी बन्ने देखिन्छ । शिक्षा क्षेत्रमा अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात र स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठन शुरुहुने अवस्थामा रहेको छ ।

**सीमितताहरुः**

१ नयाँ र पहाडी तथा ग्रामीण स्तरको नगरपालिका भएकोले सवै प्रकारको संरचनाहरुको विकास गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

२ विकासको आवश्यकताको तुलनामा आन्तरिक आय अत्यन्त न्यून रहेको, गैर तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण नगरको विकासको मुख्य स्रोतको रुपमा रहेको छ ।

३ न्यून बजेटको कारण नगरक्षेत्रमा खनिएका करिव ४०० कि.मि. भन्दा बढि सडकको संरक्षण कार्य जटिल देखिएको ।

४ सामुदायिक विद्यालयमा अझै पनि लक्ष्य अनुसार गुणस्तरीय शिक्षाको सुनिश्चीत हुननसकेको,

५ कृषि र पशुजन्य उत्पादन तथा उद्यमी क्षेत्र अनुदानमुखी देखिएको छ । सौखिन र विलासिताको प्रबृति बढ्दै गएकोले कृषि भूमी बाँझिदै गएकोले कृषि र पशु क्षेत्रको विकासको लागि थप आधुनिकीकरण, व्यावसायीकरण तथा विविधिकरण आवश्यक रहेको देखिन्छ ।

६ नगरबाट निरन्तरको बसाइसराईले दीर्घकालीन रुपमा नगरको विकासमा असर पार्ने देखिएको छ ।

७ जलस्रोतको प्राचुर्यता रहेको भएपनि यसको उपयोगमा संघीय सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय लगानीकर्ताको ध्यान जानुपर्ने देखिन्छ ।

८ उपलब्ध रेमिट्यान्सको उत्पादनशील क्षेत्रमा उपयोग गर्न नसकिएको ।

**अवसर**

१ वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने

२ अर्गानिक खेती प्रणालीको विकास गरी बजारीकरण गर्न सकिने ।

३ हावापानीको विविधताले बेमौसमी तरकारी, बीऊ, सुन्तला, अदुवा, बेसारजस्ता वस्तुहरुको व्यावसायिक उत्पादन गर्न सकिने ।

४ परम्परागत सीपमा आधारित लघु उद्यम तथा घरेलु उद्योगहरु सञ्चालन गर्न सकिने ।

५ कालीगण्डकी नदीमा एक दिनको जल यातायात क्षेत्र रहेकोले नीजि क्षेत्रसंग समन्वय र सहकार्य गरी नगरको पर्यटकीय अवस्थामा सुधार ल्याई आय आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने।

६ नगर क्षेत्रमा रहेका ऐतिहासिक र धार्मिक स्थानहरु जस्तो डहरे क्षेत्र, कालीगण्डकी लोकमार्ग देखि अन्धाअन्धी सर्किटमा धार्मिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।

७ सडक संजाललाई ब्यवस्थित गरी सवै बस्तीबाट नगर केन्द्र तथा कृषि, पशुपालन र फलफुल उत्पादनबाट नागरिकको जीवनस्तरमा अति शिघ्र सुधार गर्न सकिने देखिन्छ ।

८ सार्वजनिक खुल्ला र समतल चौर पर्याप्त भएकोले खेलकुद विकासको प्रवल सम्भावना रहेको छ।

**चुनौती तथा समस्याहरु**

१ न्यून आम्दानी र बढ्दो नागरिक चाहना तथा अन्तर सरकारी वित्तीय हस्तान्तरणमा निर्भर नगरको अर्थतन्त्र । अर्थात नागरिक चाहना र उपलब्ध स्रोत बीचको दुरी ।

२ उत्पादनशील जनशक्तिको पलायन एवं निरन्तरको बसाईसराई । युवाहरुको विदेश पलायन, शहरमुखी प्रवृत्ती, ग्रामीण क्षेत्र बालबालिका र बृद्धहरुको गुजराको थलोकोरुपमा रुपान्तरण भएको

३ नगर क्षेत्रमा शिक्षा स्वास्थ्यको ग्यारेन्टी गर्न सक्ने अवस्था नभएको ।

४ बाँदर तथा बन्यजन्तुको अतिक्रमणले कृषि क्षेत्र प्रभावित रहेको र उत्पादित फसलको उपयुक्त वजार विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

५ केही क्षेत्र जस्तो भँगाराको गैरीस्वाँरा र ठानामौलाको खाल्टे पांगरांग जस्ता क्षेत्रहरुमा रहेको प्राकृतिक विपत्ती र पहिरोको जोखिम तथा समय समयमा देखिने अनाबृष्टि, अति बृष्टि, असीना जस्ता प्रकोपको कारण हुने नोक्सानी ।

६ केहि वडाहरुमा रहेको खानेपानीका स्रोतहरुको अभाव ।

**वार्षिक नीति, बजेट तथा कार्यक्रम तयारी प्रक्रियाः**

१ संघबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गरिएको,

२ राजश्व परामर्श समितिबाट श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण गरिएको,

३ स्थानीय स्तरमा बस्ती/टोलबाट आयोजना/कार्यक्रम छनौट गरिएको,

४ वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकिरण गरी नगरपालिकामा पठाइएको,

५ नगरपालिकामा रहेका विभिन्न विषयगत समितिद्धारा क्षेत्रगत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको,

६ वजेट तर्जुमा समितिद्धारा तयार पारिएको योजना तथा कार्यक्रम नगर कार्यपालिकाको बैठकमा निर्णइ भई नगर सभाको बैठकमा पेश गरी नीति एवं बजेट तथा कार्यक्रम स्वीकृति गरिएको ।

**आयोजना प्राथमिकिकरणका आधारहरु**

१ राजस्व परिचालनमा योगदान पुऱ्याउने,

२ सेवा प्रवाह ,संस्थागत विकास तथा सुशासनमा टेवा पुयाउने

३ स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने,

४ लैङ्गिक समानता सामाजिक समावेशीकरणको अभिबृद्धि हुने,

५ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,

६ समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल ९च्भकष्भिलअभ० बनाउने,

७ स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने,

८ नेपाल सरकारले प्राथमिकतामा राखेका, अन्तर्राष्ट्रिय संझौतामा प्रतिबद्धता जनाएका र अधिकतम् जनसंख्या लाभान्वित हुने आयोजना ।

९ स्थानीय जनताको आयस्तर बढ्ने र रोजगारी सृजना हुने सीपमुलक तालिम, लघु उद्यम लगायत स्थानीय प्रविधिमा आधारित उद्यम व्यवसायलाई प्राथमिकता दिने ।

**क्षेत्रगत नीति तथा आधारहरुः**

**१ आर्थिक क्षेत्र**

- साना किसानलाई सहयोग पुग्ने योजनाहरुलाई प्राथमिकतामा राख्ने ।
- कृषिलाई ब्यवसायीकरण गरी रोजगार प्रबद्र्धन गर्ने कार्यमा जोड दिने ।
- कृषि उत्पादन बजारीकरणतथा प्रशोधन कार्यक्रममा जोड दिने ।
- अन्तरिक माग अनुसारको उत्पादनलाई प्रबद्र्धन गर्ने ।
- सम्भाबनाका आधारमा पकेट क्षेत्रहरुको विकास र विस्तार गर्ने ।

**२ सामाजिक क्षेत्र**

- स्वास्थ्यको क्षेत्रमा दुर्गमका जनताको पहूँच बढाउने योजनालाई प्राथमिकता दिने ।
- शिक्षालाई जीवनोपयोगी सीपसँग अबद्ध गर्दै पहूँच नपुगेको समुदायमा पुऱ्याउने
- सामुदायिक विद्यालयको गुणस्तर सुधारमा विशेष जोड दिने ।
- प्रविधीयुक्त शिक्षाको विकास गरी गुणस्तरीय शिक्षामा जोड दिने ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण क्षेत्रमा सचेत गराई सामाजिक न्याय सबल पार्ने ।

**३ पूर्वाधारक्षेत्र**

- गाउँ र वस्तीबाट नगरको केन्द्रसम्म जोड्ने सडक खण्डलाई प्राथमिकतामा राखी ट्र्याक खोल्ने कार्य पुरा गर्ने ।
- क्रमागत सडक, दुई आर्थिक केन्द्र र जिल्लाहरु जोड्ने सडक र पर्यटकीय पदमार्गलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने ।
- सडकलाई सवारी आवागमनका आधारमा वर्गीकरण गरी गुणस्तर सुधार गर्दैजाने नीति अवलम्बन गर्ने ।
- नगरको वाहिरी चक्रपथ भित्री चक्रपथ र केन्द्र चक्रपथको निर्माण कार्य पुरा गर्ने
- नगरका प्रमुख सडकहरुलाई क्रमशः स्तरोन्नति गर्दै लैजाने
- नगरकार्यपालकाको सडक मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

## ४ वातावरण तथा विपद व्यवस्थापन

- दीगो वन विकास कार्यक्रम संचालन गरी संरक्षण-उपभोग गर्दै विकोपार्जनमा सुधार ल्याउने ।
- सडकपाखा संरक्षण कार्यलाई प्राथमिकतामा राखी हरियाली प्रबद्र्धन गर्ने कार्यलाई बढाउदै लाने ।
- विपद ब्यवस्थापन चक्रको प्रत्येक चरणलाई सम्बोधन गर्ने ।
- वन अतिक्रमण नियन्त्रण गर्ने ।
- वन र सार्वजनिक क्षेत्रको लगत तयार गर्ने ।

## ५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- जनमैत्री सेवा प्रवाहलाई संस्थागत गर्ने ।
- सेवा प्रवाहलाइ चुस्त र प्रविधिमैत्री बनाउने ।
- मुस्कान सहितको सेवा सबै कार्यालयबाट शुरु गर्ने ।
- पारदर्शीता, जवाफदेहिता, कानूनको शासन, जनउत्तरदायित्वलाई सेवा प्रवाहको केन्द्रमा राख्ने ।
- भौतिक पूर्वाधारलाई अपाङ्गतामैत्री, वालमैत्री तथा जेष्ठ नागरिकमैत्री बनाउने ।

# फलेवास नगरपालिका, पर्वतको
# तेह्रौं नगर सभामा प्रस्तुत
# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट तथा कार्यक्रम

फलेवास नगरपालिका

खानीगाउँ, पर्वत

भाद्र १३, २०८०

सभाध्यक्ष महोदय,

१ फलेवास नगरपालिकाको यस गरिमामय तेह्रौं नगर सभामा नगरको आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महशुस गरेको छु ।

२ सर्वप्रथम राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, समावेशी र सामाजिक न्याय सहितको शान्तिपूर्ण समाज निर्माण गर्न विभिन्न समयमा भएका आन्दोलन र हालसम्मको राजनीतिक परिवर्तका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन र सङ्घर्षहरूमा युगान्तकारी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरू प्रति श्रद्धा र सम्मान प्रकट गर्दछु ।

यसै सन्दर्भमा फलेबासी आमा बुबा, दिदीबहिनी र दाजुभाइहरूको लोकतन्त्रप्रतिको निष्ठा, त्याग र सङ्घर्षप्रति आभार व्यक्त गर्दै यस नगरपालिकामा यहाँहरुले सुम्पिएको दोस्रो कार्यकालको लागि नगरको ५ वर्षे विकासको अभिभारा यहाँहरुकै साथ सहयोग लिएर समृद्ध नगर निर्माण गर्ने संकल्पका साथ क्रियाशिल रहेको व्यहोरा अनुरोध गर्दै हाम्रो यस अभियानमा महत्वपूर्ण सहयोग एवम् सहकार्यका लागि समेत हार्दिक आह्वान गर्दछु ।

सभाध्यक्ष महोदय,

३. सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान २०७२ सालमा जारी भएसंगै आफ्ना संविधान प्रदत्त अधिकारहरू, राजस्वका क्षेत्र र स्रोत एवं

अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई परिचालन गर्दै स्थानीय तहहरु सञ्चालनमा रहेका छन । अत्यन्त न्युन आन्तरिक आय भएको ग्रामीण क्षेत्रको यस नगरपालिकालाई प्राप्त हुने अन्तरसरकारी तथा गैरसरकारी बजेट र वित्तीय हस्तान्तरण नै नगरको सञ्चित कोषको एकमात्र आधार हो जसबाट नगरको चौतर्फी विकासमा ध्यान दिनुपर्ने अवस्था रहेको छ । ग्रामीण क्षेत्रको बाहुल्यता रहेको र उल्लेखनीय रुपमा शहरी विकास हुन नसकेको अवस्थामा गठन भएको नगरपालिका, न्यून आन्तरिक आय, घट्दो अन्तर सरकारी वित्तीय हस्तान्तरण र विगतदेखि क्रमागत रहेका योजना तथा कार्यक्रमको दायित्वको कारण नगरको समृद्धि र विकास प्रतिको नागरिक अपेक्षा पूरा गर्न ठूलो चुनौती देखिएको छ । अत्यन्तै सीमित स्रोत, बढ्दो नागरिक अपेक्षा र नगरको सर्वाङ्गीण विकासको लागि गर्नुपर्ने न्यूनतम पूर्वाधार निर्माणमा समेत बजेटको कमी हुनु जस्ता सिमीतताका बाबजुद नगरद्वारा अगाडि सारिएका नीति तथा कार्यक्रम, हरेक बस्तीमा यातायातको पहुँच, कृषि र पशुपालनमा स्थानीय आयआर्जनको सम्भावना, नगरको विभिन्न वडामा रहेका उत्पादनशील क्षेत्र तथा फलफुल र नगदेबालीको अत्यन्तै सम्भावना, कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रबाट नजिकको पालिका जस्ता केहि सवल पक्षलाई नगरको बृहत्तर हित र विकासमा उपयोग गर्न सकेमा नगरप्रतिको नागरिक अपेक्षा सम्बोधन गर्न सकिने विश्वास व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय,

४. सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त कार्यक्रम, समपुरक तथा विशेष अनुदान र सोही प्रकृतिको गण्डकी प्रदेश सरकारवाट प्राप्त हुने बजेट सहित यस नगरपालिकाको आन्तरिक आम्दानी नै

यस नगरपालिकाको स्थानीय संचित कोषको आधार हो । जसमा सशर्त बजेट वाहेक नगरको प्राथमिकता अनुसार बाँडफाँड गर्न सकिने बजेटको हिस्सा अत्यन्त न्यून रहेको छ । अर्कोतर्फ नगरको आन्तरिक राजश्व र गैरकर राजश्वको हिस्सा समेत बजेटमा अत्यन्त न्युन रहेकोछ । नगरको सिमित आय र प्रदेश एवं सङ्घीय सरकारबाट प्राप्त भएको घट्दो अनुदानमा निर्भर रहनुपर्ने बाध्यताका विचमा रहेर आर्थिक बर्ष ०८०।८१ को बजेट तथा कार्यक्रममा नगरको सम्पूर्ण क्षेत्रमा समानुपातिक हिसावले सम्बोधन गर्ने प्रयास गरिएको व्यहोरा अवगत गराउंदछु ।

सभाध्यक्ष महोदय,

५. फलेवास नगरपालिकाको हाल सम्मको अवस्थामा नगरपालिका स्थापनाको शुरुवाती अवस्थामा रहेको भौतिक पूर्वाधारको अवस्थामा धैरै सुधार भैरहेको छ । सवै टोल बस्तीहरूमा मोटरबाटोको पहुंच पुगेको छ भने संघीय र प्रदेश सरकारसंगको समन्वय र साझेदारीमा सडक स्तरोन्नतीका कार्यहरु भैरहेका छन् । विद्युतीकरणको अवस्थामा गण्डकी प्रदेशसंगको सहकार्यमा जोखिमपूर्ण काठेपोल विस्थापन कार्य पूर्ण भैसकेको छ । सिंचाइ सुविधा थप भरपर्दो र हिउदे खेतीको लागि समेत अनुकुल हुंदै गएको छ । विद्यालयको शैक्षिक, भौतिक तथा संस्थागत अवस्थामा सुधार हुंदै गएको छ भने स्थानीय पाठ्यक्रम तयार भई लागू गर्ने अवस्थामा छौं । स्वास्थ्य क्षेत्रमा विगतमा कोभिड लगायतको कारण केहि चुनौती बढेको भएपनि पूर्ववत सेवामा सुधार भएको र १० शैयाको नगर अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ । कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायीकता विकास हुंदै गएको छ । कार्यालयको भौतिक तथा संस्थागत विकासको अवस्थामा सुधार हुंदै गएको छ भने प्रमुख प्रशासकीय भवन निर्माण

कार्य अन्तिम अवस्थामा रहेको छ । नगरका ९ वटा वडाका कार्यालय भवन निर्माण सम्पन्न भएका छन् । बांकी वडा नं ५ र ७ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक पहल भैरहेको छ । संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा विभिन्न वडामा एक घर एक धारा खानेपानी योजनाका कामहरु निरन्तर भैरहेका छन् । राज्यले लक्षित गरेका विभिन्न समुदायहरू जेष्ठनागरिक, वालवालिका, महिला, अपांगता भएका व्यक्ति, दलित र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा समेत कार्यक्रमहरु अगाडि सारिएका छन् ।

सभाध्यक्ष महोदय,

६. अव म आर्थिक वर्ष ०७९।८० को बजेटको समीक्षा प्रस्तुत गर्दछु ।

क) आम्दानी तर्फ

| शिर्षक | अनुमानित वजेट | शंसोधित अनुमान | जम्मा आम्दानी |
|---|---|---|---|
| संघीय वित्तिय समानीकरण अनुदान | ११,३७,००,००० | ११,३७,००,००० | १०,५१,७२,५०० |
| संघीय शशर्त चालु अनुदान | ३२,८८,००,००० | ३६,९९,०४,००० | ३६,६१,७९,००० |
| संघीय शशर्त पूँजीगत अनुदान | १६,९९,००,००० | १६,७५,४२,३२१ | १५,७५,३३,६७० |
| संघीय राजश्व वाँडफाँड अनुदान | ८,६४,७२,००० | ८,६४,७२,००० | ६,७९,४५,४८०।४६ |
| संघीय समपुरक अनुदान | २,००,००,००० | २,००,००,००० | १,८६,७७,५५० |
| विशेष अनुदान | २,६५,००,००० | २,६५,००,००० | १,७०९७९५५ |
| आन्तरिक राजश्वबाट | ८१,५०,००० | १,०१,९०,३९१।३४ | १,०१,९०,३९१।३४ |
| गत वर्षको मौज्दात | ७,३८,००,००० | ७,३८,००,००० | २,९२,१८,३७३ |
| जिल्ला समन्वय समितिबाट प्राप्त | १२,००,००० | १२,००,००० | १२,००,००० |
| गण्डकी प्रदेश समानिकरण | १,२८,३३,००० | १,२८,३३,००० | १,१२,२८,८७५ |
| गण्डकी प्रदेश राजश्व वाँडफाँड | ६७,०६,००० | ८३१८५४० | ८३,१८,५३६।९८ |

| | | | |
|---|---|---|---|
| गण्डकी प्रदेश शसर्त | ५०,००,००० | २०,००,००,०० | १,१६,६५,४२० |
| प्रदेश समपुरक अनुदान | ५,००,००,००० | १,००,००,००० | २५,००,००० |
| सामाजिक सुरक्षा रकम | १५,००,००,००० | १५,६७,७७,००० | १५,६७,७७,००० |
| पी एल जि एस पी | ६,००,००० | ६,००,००० | ३,९३,२०१ |
| पर्यटन पूर्वाधार आयोजना | ० | ८०,००,००० | ८,००,००० |
| गरिवसंग विशेश्वर कार्यक्रम | ६,००,००० | ४,६३,००० | ४,६३,००० |
| पर्यटन वोर्ड | ३,५०,००,००० | ३,५०,००,००० | ० |
| सडक वोर्ड | ४६,५०,००० | २४,३५,९२९ | २४,३५,९२९ |
| स्थानीय राजश्व | ६८,५०,००० | ६८,५०,००० | ६२,७५,४५३ |
| प्रशासकीय भवन पूर्वाधार विकास | | १,००,००,००० | १,००,००,००० |
| कालिगण्डकी प्रसारण करिडोर आयोजना | | ८,०४,९३१।७५ | ८,०४,९३१।७५ |
| गरिब तथा जेहेन्दार विद्यार्थिको अध्ययनको लागि आर्थिक सहायता | | ६,१३,२७५ | ६,१३,२७५ |
| एम्बुलेन्स खरिद कार्किनेटा | | १८,००,००० | १८,००,००० |
| बिषयगत शिक्षक समिति | | ५०००० | ५०,००० |
| जम्मा | १,०५,५८,०१००० | १,१३,४६,१३,९९७ | ९७,९८,६०,५४१।५० |

आर्थिक वर्ष ०७९।८० को बजेट अनुमान रु १ अर्व ५ करोड ५८ लाख १ हजार रहेको थियो भने संशोधित अनुमान १ अर्व १३करोड ४६ लाख १३ हजार ९ सय ९७ पैसा ९ रहेको थियो । गत आर्थिक वर्ष ०७९।८० को यथार्थ बजेट आम्दानी ९७ करोड ९८ लाख ६० हजार ५ सय ४१ पैसा ५० रहेको छ ।

**कुल विनियोजित बजेट मा विभिन्न क्षेत्रमा विनियोजन भए अनुसार आर्थिक विकास मा कुल विनियोजित ४ करोड ७२ लाख मध्ये ३ करोड २१ लाख २५ हजार २८ रुपैया ५० पैसा खर्च भएको छ भने वित्तिय प्रगति ६८ दशमलव ०६ प्रतिशत रहेको छ। त्यस्तै सामाजिक विकास तर्फ कुल**

विनियोजित ४० करोड ७२ लाख ९७ हजार ४ सय ९७ रुपैया मध्ये ३७ करोड ३४ लाख ५७ हजार ३ सय ५७ रुपैया ७७ पैसा खर्च भएको छ भने वित्तिय प्रगति ९१ दशमलब ६९ प्रतिशत भएको छ। त्यस्तै पुर्वाधार विकास तर्फ कुल विनियोजित ३७ करोड ९७ लाख ८० हजार ८ सय ६१ रुपैया मध्ये २२ करोड  ९९ लाख १० हजार ८ सय ९६ रुपैया खर्च भएको छ, जसको वित्तिय प्रगति ६० दशमलब ५४ प्रतिशत रहेको छ। त्यस्तै गरि सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल विनियोजित १ करोड ४२ लाख १२ हजार मध्ये १ करोड २४ लाख २५ हजार १ सय ४६ रुपैया खर्च भएको छ भने वित्तिय प्रगति ८७ दशमलब ४३ प्रतिशत भएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र र चालु कार्यक्रम तर्फ कुल विनियोजित ११ करोड ७० लाख ६९ हजार ५ सय ३ रुपैया विनियोजित रकम मध्ये १० करोड ६२ लाख ६१ हजार ३३ रुपैया ५६ पैसा खर्च भएको छ भने वित्तिय प्रगति ९० दशमलब ७७ प्रतिशत भएको छ । यसरी सम्पुर्ण क्षेत्र को कुल विनियोजित बजेट मा कुल खर्च ७५ करोड ४१ लाख ७९ हजार ४ सय ६१ रुपैया ८३ पैसा भएको छ जुन कुल बजेटको ७८ दशमलब १० प्रतिशत कुल वित्तिय प्रगति हो। समग्रमा पुँजिगत खर्च  ६१ दशमलब ७९ प्रतिशत भएको छ भने चालु खर्च ९२ दशमलव २१ प्रतिशत भएको छ।

त्यसैगरी अन्तरसरकारी अख्तियारीतर्फ सामाजिक सुरक्षामा कुल विनियोजित १५ करोड ६७ लाख ७७ हजार रुपैया मध्ये असार मसान्त सम्ममा १५ करोड ६५ लाख ९९ हजार ४ सय ५३ रुपैया खर्च भएको छ। गरिबसँग विश्वेश्वर कार्यक्रममा संसोधित अनुमान ४ लाख ६३ हजार मध्ये आर्थिक वर्षको अन्त्यमा २ लाख ५ हजार खर्च भएको छ । त्यस्तै स्थानिय तह प्रशासनिक भवन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत कुल विनियोजित बजेट १ करोड मध्ये रु ६२ लाख ७८ हजार ४ सय ८५ रुपैया खर्च भएको छ त्यस्तै गरि पर्यटन पुर्वाधार बिकास आयोजना तर्फ २ लाख ६ हजार ९ सय ९४ रुपैया खर्च भएको छ । आन्तरिक श्रोतमा अ.ल्या. तर्फ रु ७ करोड ३८ लाख अनुमान गरिएकोमा रु २ करोड ९२ लाख १८ हजार ३ सय १३ अ.ल्या भएको छ जसमा रु ४ करोड ४५ लाख ८१ हजार ६ सय २७ न्युन आय

**भएको देखिन्छ। गत आर्थिक वर्षमा आन्तरिक राजश्व तर्फ रु १ करोड १ लाख ९० हजार ३ सय ९१ रुपैया ३४ पैसा राजश्व संकलन भएको छ।**

सभाध्यक्ष महोदय,

७. हामीले आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम तयार गर्दा आर्थिक वर्ष ०७९।८० को अन्त सम्म प्राप्त उपलब्धीहरूलाई संस्थागत गर्दै नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, पन्ध्रौं पञ्चबर्षिय योजनामा उल्लिखित प्राथमिकता, दीगो विकास लक्ष्य र राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धताहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, बजेट तर्जुमा दिग्दर्शन, नगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकता, राजनैतिक दल एवम् विज्ञहरूको सुझाव, फलेवास नगरपालिकामा भएको स्रोत साधनको अवस्था, आर्थिक वर्ष २०८०।०८१ को लागि पारित नीति तथा कार्यक्रमलाई मुख्य आधार मानी चालु आर्थिक वर्ष ०८०।८१ को लागि यो बजेट तथा कार्यक्रम तयार गरेको छु । यसमा भौतिक विकासलाई मात्रै पूर्ण विकासको रुपमा बुझ्ने गरेको अवस्थालाई मनन गर्दै र नगरको अत्यन्त न्यून आन्तरिक आयलाई ध्यान दिएर नगरको सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत क्षमता विकास लगायत सवै क्षेत्रमा सकेसम्म समानुपातिक रुपमा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

८. फलेवास नगरपालिकाको समग्र विकासका लागि केहि चुनौतिपूर्ण अवस्था रहेको देखिन्छ। जस्तै,

- न्यून शहरी एवम् भौतिक विकास भएको ग्रामीण एवं पहाडी क्षेत्रको नगरपालिका,
- न्यून आन्तरिक आय र परनिर्भर नगरको अर्थतन्त्र एवं देशको विद्यमान आर्थिक अवस्था,
- अत्यधीक नागरिक माग र माग सम्बोधन गर्न उपलब्ध स्रोत वीचको दुरी,
- नगरभित्र निर्माण भएका ४०० किलोमिटर भन्दा बढि सडकको संरक्षण र स्तरोन्नती गर्न बजेटको कमि,
- उत्पादनशील जनशक्तिको पलायन एवम् निरन्तरको बसाइसराई,
- स्थानीय सरकारद्धारा शासन प्रकृयामा नागरिक सन्तुष्टि कायम गर्न चुनौतीपुर्ण अवस्था,

९. माथि उल्लेख गरिएका चुनौतिको सामना गर्न यस पालिकामा रहेका उल्लिखित सवल पक्षहरूले नगरको समृद्धिमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- सवै वडामा रहेको उत्पादनशील क्षेत्र तथा फलफुल र नगदेबालीको अत्यन्तै सम्भावना,
- नगरको हरेक बस्तीमा यातायातको पहुँच पुग्नु,
- कृषि र पशुपालनको क्षेत्रमा स्थानीय आयआर्जन र रोजगारीको प्रचुर सम्भावना,
- अन्तर सरकारी समन्वय, साझेदारी र सहकार्यका लागि गरिएका प्रयासहरू,
- वैदेशिक रोजगारवाट गाउँ फर्कनेहरुबाट प्राप्त नविनतम ज्ञान, सीप,
- कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रबाट छोटो भौतिक दुरी र पर्यटकीय विकासको सम्भावना,

१०. आर्थिक वर्ष २०८०।८१ का बजेटका उद्धेश्यहरू निम्नानुसार छन् :

- स्थानीय तहमा सञ्चालन गरिने सवै कार्यक्रममा प्रभावकारीता कायम गर्ने,
- लक्षित क्षेत्रको विकास, आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको विकास मार्फत स्रोत साधनको समावेशी र समन्यायीक वितरण
- स्थानीय स्रोतसाधनको उच्चतम एवम् प्रभावकारी परिचालन मार्फत रोजगारी सृजना र जनअपेक्षाको सम्बोधन गर्ने,
- नगरलाई कृषि र पशु विकासको क्षेत्रमा प्राथमिकता दिदै दुध, मासु, फलफुल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर वनाउदै जाने,
- उद्यमशीलता विकास, कृषि तथा पशुपालनको क्षेत्रमा व्यावसायीकरणलाई प्राथमिकता दिदै आयआर्जन र रोजगारी सृजना गर्ने र सो मार्फत गरिवी न्यूनीकरणमा योगदान गर्ने,
- संस्थागत विकास मार्फत सेवा प्रवाहमा प्रभावकारीता एवम् सुशासन कायम गर्ने,

११. माथि उल्लिखित उद्धेश्यहरूलाई व्यवहारिक रुपमा प्राप्त गर्न प्रस्तुत बजेटका निम्ननानुसारका प्राथमिकताहरू निर्धारण गरेको छु :

- संस्थागत विकास र सेवाप्रवाहमा जोड,
- नगरका कामकाजहरुलाई पूर्णरुपमा प्रविधिमैत्री बनाउदै नागरिकको सेवाप्रवाहमा प्रभावकारीता ल्याउने,
- दिगो पूर्वाधार निर्माण र सवै बस्तीमा भरपर्दो सडक सञ्जाल विस्तार गर्दै नागरिकहरूको सहज पहुँच विस्तार,

- आर्थिक तथा सामाजिक विकास एवम् उद्यमशिलता र आयआर्जनका माध्यमबाट गरिवी न्यूनीकरणमा योगदान गर्ने,
- सडक, शिक्षा, स्वास्थ्य, कृषि, पशुविकासको क्षेत्रमा आवश्यक पूर्वाधार एवं कार्यक्रमको सञ्चालन,
- स्थानीय श्रोत साधन एवम् सीपको परिचालन र रोजगारी सृजना
- लैङ्गिक समानता र सामाजिक समाबेसिकरण तथा लक्षित क्षेत्रमा सेवा प्रवाह,
- कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रिकरण र व्यावसायिकीकरण,

सभाध्यक्ष महोदय,

१२. अव म प्रस्तुत चुनौति, उद्धेश्य र प्राथमिकतालाई मध्यनजर गर्दै फलेवास नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

<u>कुल बजेट रु ६८ करोड २५ लाख ११ हजार ८१०</u>

प्रस्तावित कुल बजेटलाई मुख्य विषयगत रुपमा तपशिल अनुसार विनियोजन गरिएको छ ।

<u>आर्थिक विकास :</u>

आर्थिक बिकासको मुख्य शिर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पशु, साना सिंचाई, पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन् । यस मुख्य शीर्षकमा कुल रु. ३ करोड ५ लाख बजेट बिनियोजन गरिएको छ । यो कुल बजेटको करिव ४.५ प्रतिशत रहेको छ ।

## सामाजिक विकास :

सामाजिक बिकासको मुख्य शीर्षकमा शिक्षा, स्वास्थ्य र संस्कृती प्रवर्द्धन, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, रोजगार प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, गरिव विपन्न आयआर्जन तथा अपांगता भएका व्यक्तिको सशक्तिकरण, न्यायीक समिति तर्फका कार्यक्रमहरू समेटिएका छन् ।
यस शीर्षकमा कुल रु. ३९ करोड १७ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको करिव ५७ दशमलब ४ प्रतिशत रहेको छ ।

## पूर्वाधार विकास :

यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक, पदमार्ग तथा अन्य पूर्वाधारका क्षेत्रहरू समेटिएका छन् । यस शीर्षकमा कुल रु.११ करोड ८३ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १७ दशमलब ३ प्रतिशत हो ।

## वातावरण तथा विपद व्यवस्थापन :

यस मुख्य शिर्षकमा प्रकोप व्यवस्थापन, बाताबरण संरक्षण, जलवायु परिवर्तन, क्लिन ग्रीन फलेबास र सरसफाइ एवं फोहोरमैला व्यवस्थापन, वन तथा भू-संरक्षण र विपद व्यवस्थापनका क्षेत्रहरू समेटिएका छन् । यस शीर्षकमा कुल रु. ९७ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १.४ प्रतिशत रहेको छ ।

## संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन :

यस क्षेत्रमा संस्थागत सहयोग तथा क्षमता विकास, सुशासन तथा सेवा प्रवाह, कार्यालय व्यवस्थापन, वार्षिक योजना तर्जुमा तथा नगर सभा सञ्चालन, सञ्चार एवं पत्रपत्रीका, सुरक्षा व्यवस्थापन लगायतका क्षेत्रहरु समावेश भएका छन । कुल रु. ५५ लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल वजेटको ०.८ प्रतिशत रहेको छ ।

कार्यालय संचालन खर्च :

यस शिर्षक अन्तर्गत नगर कार्यपालिका, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य चौकी कार्यालय संचालन र व्यवस्थापन, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, कर्मचारी व्यवस्थापन, वैठक, नगर लगायतका विभिन्न खर्चहरु रहेका छन । यस शीर्षकमा कुल रु.९ करोड १३ लाख ८५ हजार बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको १३ दशमलव ४ प्रतिशत रहेको छ ।

सञ्चालन पूंजीगत :

यस क्षेत्रमा कार्यालय सञ्चालन अन्तर्गतको पूंजीगत खर्च रु ४७ लाख रहेको छ । जुन कुल बजेटको ०.७ प्रतिशत रहेको छ ।

अन्य दायित्व सरी आएको र विशेष कार्यक्रममा साझेदारी अन्तर्गत रु २ करोड ३१ लाख २६ हजार ८०२ र शशर्त तर्फ ७६ लाख व्यवस्था गरिएको छ जुन कुल बजेटको करिव ४ दशमलब ५ प्रतिशत रहेको छ ।

सभाध्यक्ष महोदय,

१३. अव म चालु आर्थिक वर्ष ०८०।८१ को बजेट तथा कार्यक्रममा विषयगत क्षेत्र अनुसारको बाँडफाड प्रस्तुत गर्दछु ।

पूर्वाधार विकास तर्फ :

- फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि यसै आ.व. भित्र निर्माण सम्पन्न गर्ने गरी साझेदारीको लागि रु २ करोड बजेट विनियोजन गरेको छु ।
- नगरको मुख्य वस्तीहरूलाई नगरको केन्द्र तथा सडक सञ्जालमा जोड्न वाँकी रहेका नयाँ ट्याक खन्नु पर्ने र आकस्मिक रुपमा मर्मत गर्नुपर्ने सडक नगरपालिकाको एस्काभेटर र व्याक हु लोडरवाट सम्पादन गर्ने गरी इन्धन लगायत व्यवस्थापनको लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।
- नगरपालिकाको वडा नं ७, ८, ९ गरी ३ वटा वडा हरूलाई प्रत्यक्ष लाभ पुग्ने लिमिठाना अर्चले-शिरुवारी सडकको लागि सङ्घीय सरकारको साझेदारीमा स्तरबृद्धि गर्न रु १ करोड २० लाख र झकलक पानीटंकी प्रमुख प्रशासकीय भवन जाने सडकको स्तरबृद्धि गर्न १ करोड ३० लाख बजेट विनियोजन गरको छु ।
- सहिदचोक राम्चे भलपोखरी चुचनदेउराली सडकको लागि ४० लाख र शंकरपोखरी मैदान मेलपोखरी हटिया सडक स्तरोन्नतीको लागि रु १० लाख व्यवस्था गरेको छु ।

- नगर भित्रका मुख्य मोटर वाटोलाई वर्षातको समय पश्चात आकस्मिक मर्मत गरी तत्काल  सवारी आवागमनमा सहजताका लागि १५ लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकारको सहयोगमा श्रममुलक सार्वजनिक निर्माण कार्य गर्न ४० लाख बजेट विनियोजन गरेको छु ।
- समन्वय, सहकार्य, साझेदारीमा नगरको विकास गर्ने नीति अनुरुप सडक वोर्ड, झोलुंगे पुल क्षेत्रगत कार्यक्रम लगायत प्रदेश र संघमा प्रस्ताव गर्ने अन्य योजनामा साझेदारीका लागि रु २१ लाख विनियोजन गरेको छु ।
- प्रदेश सरकारसंगको समन्वयमा मुडिकुवा झो.पु. देखि वडाकार्यालय मुडिकुवा पर्यटकीय सडकको स्तरोन्नती गर्न रु ५० लाख र लिमिठाना यमुनाघुम्ती अर्चले शिरुवारी सडक मर्मत गर्न रु १ करोड २० लाख विनियोजन गरेको छु ।
- लमाएखोला लिफ्ट सिंचाई योजनाको काम सम्पन्न गर्ने गरी कलेक्सन चेम्बर सहित रु ३५ लाख विनियोजन गरेको छु ।
- सेवा प्रवाहमा नागरिक हितको लागि दुर्गममा रहेका वडाहरूका सेवाग्राहीलाई मध्यनजर गरी सार्वजनिक यातायात व्यवस्थित एवम् नियमित सेवा उपलब्ध गराउने उद्देश्यले २० लाख विनियोजन गरेको छु ।
- नगरपालिकामा काठका विद्युत पोल फलामे विद्युत पोलद्धारा विस्थापित भैसकेको छ भने सामुदायिक विद्युतीकरण अन्तर्गत यस नगरपालिकाको वडा नं ११ को सुलीकोटमा थ्रीफेज लाईन र ट्रान्सफर्मर व्यवस्था गर्न आवश्यक वजेट विनियोजन गरेको छु । साथै सङ्घीय सरकारको समन्वयमा वैकल्पिक उर्जा प्रविधि जडान गर्न रु ८ लाख बजेट व्यबस्था गरेको छु ।

- वर्षादमा भएको वाढी पहिरोका जस्ता विभिन्न मनसुनजन्य प्रकोपवाट क्षति पुगेका निजी आवास पुनर्निर्माण, पुनस्थापना र प्रवलीकरणको लागि संघ, प्रदेशसंगको साझेदारीमा अगाडी वढाउन ४० लाख बजेट विनियोजन गरेको छु ।
- अति विपन्न परिवारको लागि विपन्न नागरिक सुरक्षित आवास निर्माण कार्यक्रमको लागि सङ्घीय सरकारको साझेदारीमा रु.३८ लाख बजेट व्यवस्था गरेको छु । यसवाट स्थानीय सरकारले संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्नेछ ।
- थापाठाना, शंकरपोखरी, खानीगाउँ, लिमिठाना र भंगरामा सङ्घीय सरकारको सहकार्यमा एक घर एक खानेपानी धारा कार्यक्रम कार्यान्वयन गर्न रु.१ करोड बजेट व्यवस्था गरेको छु ।
- फलेवास नगर अस्पतालको जग्गा विकास तथा अन्य आवश्यक पूर्वाधार निर्माण गर्दै नगर अस्पताल भवनको निर्माण कार्य अगाडि बढाउन आवश्यक वजेट व्यवस्था गरेको छु ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे भवन निर्माण गर्न साझेदारीको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । गत आ.व.मा निर्माण कार्य शुरु गरिएका अन्नपूर्ण मा.वि. कार्किनेटा, राम मा.वि. शंकरपोखरी, लिमिठाना मा.वि. लिमिठाना र शारदा मा.वि. कुर्घाको लागि रु ३२ लाख विनियोजन गरेको छु ।
- पुर्कोट शंकरपोखरी थुमी अम्बोट कालीगण्डकी लिफ्ट सिंचाई योजना लगायत नगरका विभिन्न सिंचाई र लिफ्ट सिंचाई योजना कार्यान्वयन गर्न प्रदेश सरकारसंग समन्वय गरी आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

- प्रदेश र सङ्घीय सरकारको साझेदारीमा अग्ला, मझौला तथा साना झोलुङ्गे पुल निर्माणको लागि क्रमागत झोलुंगेपुल र थप नयाँ झोलुंगेपुल निर्माणको लागि आगामी बर्ष रु ४० लाख बजेट व्यवस्था गरेको छु । विभिन्न वडाबाट माग भई आएका अग्लो झोलुङ्गे पुलको निर्माण कार्य अगाडी वढाउन संघ र प्रदेश सरकारसंग समन्वय भैरहेको छ ।
- लमाएखोला बहुउद्देश्यीय परियोजनाको अध्ययन एवम् विस्तृत परियोजना प्रस्ताव तयार गर्न संघ र प्रदेश सरकारसंग समन्वय भैरहेको छ भने जग्गा कित्ताकाटको व्यवस्था गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।
- ३ वर्षसम्म नगरको भौतिक पूर्वाधार र रोजगारीको अवसर सृजना हुनेगरी श्रममुलक सार्वजनिक निर्माणकार्यको लागि उल्लेख्य वजेट उपलब्ध गराएकोमा शहरी शासकीय तथा पूर्वाधार आयोजनालाई हाम्रो यस गरिमामय नगरसभा मार्फत हार्दिक धन्यबाद ज्ञापन गर्दछु र आर्थिक वर्ष ०८०।८१ मा समेत आयोजनाको निरन्तरता दिदै थप बजेट उपलब्ध गराउन अनुरोध गर्दछु ।

सामाजिक विकास तर्फः

- विद्यार्थीहरूको भर्ना, टिकाउ र स्वास्थ्यमा सुधार गर्न आधारभूत तह १ कक्षा देखि ६ कक्षा सम्मका विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि ८१ लाख १ हजार र सामुदायिक विद्यालयका छात्राहरूको लागि सेनिटरी प्याड व्यवस्थापन गर्न रु १२ लाख १ हजार बजेट व्यवस्था गरेको छु ।

- सवैका लागि शिक्षा, माध्यमिक तह, आधारभूत तह, वालविकास केन्द्र शिक्षक तलव तथा पारिश्रमिकका लागि २३ करोड २६ लाख बजेट व्यवस्था गरेको छु ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा, निशुल्क पाठ्यपुस्तक अनुदान, शैक्षिक गुणस्तर सुदृढिकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई अनुदान र क्रमागत नमूना विद्यालय पूर्वाधार निर्माण कार्यक्रमका लागि रु. ५ करोड १० लाख बजेट व्यवस्था गरेको छु ।
- पर्वत जिल्लाको सवै भन्दा पुरानो क्याम्पस पर्वत वहुमुखि क्याम्पसको सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान उपलव्ध गराउने व्यवस्था गरेको छु ।
- उच्च शिक्षामा साझेदारी कार्यक्रम अन्तरगत अन्नपूर्ण वहुमुखी क्याम्पस कार्कीनेटा त्रिभुवन क्याम्पस शंकरपोखरी, उच्च मा.वि. तर्फ थापाठाना मा.वि., लिमिठाना मा.वि. लिमिठाना लगायत श्रीराम मा.वि शंकरपोखरी, जनता आ.वि. लिमिठाना, शारदा प्रा.वि. भंगराको लागि समेत गरी कुल ४३ लाख १३ हजार बजेट सञ्चालन अनुदानको रुपमा उपलब्ध गराउने प्रवन्ध गरोको छु ।
- दलित विद्यार्थीको पठन पाठनमा सहयोग पुर्‍याउन त्रिभुवन मा.वि. शंकरपोखरीको भवन निर्माणको लागि ६० लाख वजेट व्यवस्था गरेको छु ।
- शैक्षिक गुणस्तर अभिवृद्धी, माध्यमिक विद्यालयका विद्यार्थी प्रतिभा पहिचान, सुत्केरी विदामा वसेका महिला शिक्षकको सट्टा शिक्षक,

माध्यमिक तह तथा उच्च शिक्षामा गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नको लागि विनियोजित वजेटलाई निरन्तरता दिएको छु ।

- माटेदेवल मा.वि. लाई प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्ती र भवानी विद्यापीठमा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीलाई दिइदै आएको छात्रवृतिको व्यवस्थालाई निरन्तरता दिएको छु । साथै मोती सामुदायिक पुस्तकालय व्यवस्थापनका लागि सञ्चालन अनुदानको व्यवस्था मिलाएको छु ।
- अंग्रेजी पाठ्यपुस्तक खरिद, शिक्षक तालिम, उपलब्धी मापन, प्रतिभा पहिचान, विज्ञान सामाग्री प्रदर्शनी लगायतका शैक्षिक गतिविधिको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय सरकारको झल्को दिने गरी विद्यालयमा नियमित पठन पाठन तथा विद्यार्थीहरूलाई स्थानीय विषयमा जानकारी गराउने गरी स्थानीय पाठ्यक्रम छपाई र वितरणको प्रबन्ध मिलाउन आवश्यक वजेट विनियोजन गरेको छु ।
- असहाय विपन्न विधार्थीको लागि भर्ना अभियान, टिकाउ तथा सिकाई स्टेशनरी सहयोग अभियान सञ्चालन गर्न साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- शिक्षा तर्फ बालमैत्री सूचक पुरा गराउन आवश्यक वजेट व्यवस्था गरेको छु ।
- बाल विकास केन्द्र, विद्यालय सहायक कर्मचारी तथा लेखा कर्मचारीहरुको उत्प्रेरण गराउने गरी पारिश्रमिक उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

- मातृ तथा नवशिशु, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन कार्यक्रम, सरुवा रोगको रोकथाम, नियन्त्रण, हात्तिपाईले रोग विरुद्धको औषधी सेवन, पशुपंक्षिवाट सर्ने रोग वर्डफ्ल्यु, एन्ल्फुएञ्जा लगायतका रोगको रोकथाम, नियन्त्रण र निगरानीका लागि रु. ४२ लाख व्यवस्था गरेको छु।
- नगरपालिकाका बा आमा स्वास्थ्य कार्यक्रममा ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्य कर्मि, विपन्न असहाय र दीर्घ विरामीसंग विपन्न सुत्केरी महिलाको पोषण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- स्तन तथा पाठेघरको मुखको क्यान्सर स्क्रिनींग क्याम्प तथा आङ्खस्ने समस्याको उपचार क्याम्पको लागि आवश्यक वजेट विनियोजन गरेको छु । उक्त क्याम्पबाट पहिचान भएका विरामीको उपचारको लागि समन्वय गरी प्रेषण गर्ने व्यवस्था मिलाइने छ।
- संघीय सरकारसंगको साझेदारीमा महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको प्रोत्साहन र क्षमता विकासको लागि २६ लाख ८२ हजार बजेट व्यवस्था गरेको छु।
